REGIONAL NEWS BULLETIN 2nd March, 2026 (Monday)

आकाशवाणी

### *1. मुख्यमन्त्री तामाङले १४ वटा मिनी वाटर टेन्डर र ९ वटा क्विक रेस्पोन्स टिमका बाइकहरूलाई झण्डा देखाएर गर्नु भयो शुभारम्भ*

मुख्यमन्त्री प्रेमसिंह तामाङले आज सिक्किममा १४ वटा मिनी वाटर टेन्डर र ९ वटा क्विक रेस्पोन्स टिमका बाइकहरूलाई चिन्तन भवनबाट झण्डा देखाएर शुभारम्भ गर्नुभयो। नयाँ रूपमा समावेश गरिएका यी सवारी साधनहरू आगलागीका घटना तथा अन्य आकस्मिक आपतकालीन अवस्थाहरूमा तयारी सुदृढ पार्दै छिटो, सठीक र प्रभावकारी प्रतिक्रिया दिन सहयोग पुऱ्याउने उद्देश्यले ल्याइएका हुन्। तीव्र गतिमा परिचालन गर्न मिल्ने गरी डिजाइन गरिएका मिनी वाटर टेन्डर र क्विक रेस्पोन्स बाइकहरूले विशेष गरी भीडभाड तथा पहुँच गर्न गाह्रो स्थानहरूमा समेत आपतकालीन सेवाका कर्मचारीहरूलाई छिटो पुग्न सक्षम बनाउनेछन्।

### *2. सांसद इन्द्र हाङ सुब्बा राष्ट्रिय कार्यशालामा सहभागी*

सिक्किमका लोकसभा सांसद, श्री इन्द्रहाङ सुब्बा हिजो रिनाक सरकारी महाविद्यालयको अनुसन्धान कक्षद्वारा आयोजित एक हप्ते “शैक्षिक लेखन सम्बन्धी राष्ट्रिय कार्यशाला”को उद्घाटन सत्रमा सहभागी हुनुभयो। उक्त कार्यक्रम राष्ट्रीय उच्चतर शिक्षा अभियानको सहयोगमा सञ्चालन गरिएको हो । कार्यशालाको उद्देश्य शैक्षिक लेखन सीपलाई सुदृढ बनाउनु, समालोचनात्मक सोचको विकास गर्नु तथा विभिन्न शैक्षिक विधाबाट सहभागी विद्यार्थी, अनुसन्धानकर्ता र स्रोत व्यक्तिहरूबीच विद्वतापूर्ण अन्तरक्रियाा अघि बढाउनु रहेको छ। सांसद सुब्बाले सहभागीहरूलाई आफ्ना सपनाहरू पछ्याउन र कार्यशालामा सक्रिय रूपमा

सहभागिता जनाउन प्रेरित गर्नुभयो। साथै, करियर छनोट गर्दा सजग हुनपर्ने, नयाँ कुराहरू खोज्न र प्रयोग गर्न तथा व्यक्तिगत खुसीलाई प्राथमिकता दिन े सुझाव दिनु हुँदै यसले भविष्यमा अरूका लागि सकारात्मक योगदान गर्न मद्दत पुग्ने बताउनुभयो।

*३. विधायक आदित्य गोलेद्वारा गणित तथा विज्ञान मेला उद्घाटन*

सोरेङ–च्याखुङ निर्वाचन क्षेत्रका विधायक श्री आदित्य गोले आज सोरेङ जिल्लास्थित च्याखुङ सरकारी विज्ञान महाविद्यालयमा आयोजित एकीकृत ग्राम विकास कार्यक्रम अन्तर्गत गणित तथा विज्ञान मेलामा प्रमुख अतिथिको रूपमा सहभागी हुनुभयो। श्री गोलेले मेलाको औपचारिक उद्घाटन गर्नु हुँदै सोरेङ जिल्लाका विभिन्न विद्यालयहरूले प्रस्तुत गरेका प्रदर्शनी स्टलहरूको अवलोकन गर्नुभयो। गणित तथा विज्ञान विषयको खुला श्रेणी अन्तर्गत आयोजित उक्त मेलामा जम्मा १४ वटा विद्यालयहरूले सहभागिता जनाएका थिए। उहाँले आकांक्षी ब्लक चुम्बुङमा भविष्य भारतद्वारा गरिएका उल्लेखनीय विकास पहलहरूको प्रशंसा गर्नुभयो साथै, सहभागी विद्यार्थीहरूलाई उनीहरूको नवीन सोच र सिर्जनशील परियोजनाहरूका लागि बधाई दिँदै आफ्नो परियोजनाहरूलाई सिक्किम सरकारका पहलहरूसँग समन्वय गरी अघि बढाउन प्रोत्साहित गर्नुभयो।.

*४. विकसित भारत जिल्ला स्तरीय युवा संसद आज सम्पन्न*

मेरो भारत गान्तोकले इकफाई विश्वविद्यालय सिक्किमसँगको सहकार्यमा आज इकफाई विश्वविद्यालय परिसरमा "विकसित भारत जिल्ला स्तरीय युवा संसद" सफलतापूर्वक आयोजना गऱ्यो। कार्यक्रममा गान्तोक जिल्लाबाट ५२ जना दर्ता भएका सहभागीहरू उपस्थित भई राष्ट्रिय महत्वको विषय "भारतीय लोकतन्त्रका लागि आपतकालको ५० वर्ष: सिकाइ र पाठहरू" माथि गहन छलफल गरे। मेरो भारत सिक्किमका उप–निर्देशक श्री मङ्गल झाकर, युवा तथा खेल मामिला विभाग, भारत सरकारले, स्वागत मन्तव्य राख्नु हुँदै

सूचित संवाद र सक्रिय सहभागितामार्फत लोकतान्त्रिक संस्थाहरूलाई बलियो बनाउन युवाहरूको संलग्नताको महत्वबारे प्रकाश पार्नुभयो। कार्यक्रममा द्रोणाचार्य पुरस्कार प्रापक श्रीमती सन्ध्या गुरुङ प्रमुख अतिथिका रूपमा तथा श्री आशिष त्रिवेदी , सहायक कमाण्डेन्ट, भारतीय तिब्बत सिमा पुलिस विशेष अतिथिका रूपमा उपस्थित रहनु भई कार्यक्रमको गरिमा बढाउनुभयो।

*५. बेबियाना गुरुङद्वारा सिक्किमका लागि कांस्य पदक हासिल*

सिक्किमकी बेबियाना गुरुङले पाँचौं कियो National Karate Championships 2026 मा सिक्किमका लागि कांस्य पदक जितेकी छन्। उक्त प्रतियोगिता फेब्रुअरी २६ देखि मार्च १ सम्म तालकोटरा इण्डोर स्टेडियममा आयोजना गरिएको थियो। सुश्री गुरुङले व्यक्तिगत सिनियर महिला काता विधामा कांस्य पदक हासिल गर्दै राज्यका लागि महत्वपूर्ण उपलब्धि हासिल गरेकी हुन्। Sikkim State Karate-Do Association का महासचिव विधान वल्लभ सब्बाले यस विजयलाई विशेष रूपमा ऐतिहासिक उपलब्धि भएको बताउनुभयो।

उहाँ अनुसार काता विधामा यो सिक्किमको पहिलो राष्ट्रिय पदक हो, जसका लागि उच्च स्तरको शुद्धता, सही प्रस्तुति र एकाग्रता आवश्यक पर्दछ।

*६. भूकम्पका झट्कापछि नआत्तिन प्रशासनको आग्रह*

पछिल्ला केही दिनदेखि सिक्किममा पटक–पटक भूकम्पका धक्का महसुस भइरहेका बेला राज्य प्रशासनले सर्वसाधारणलाई नआत्तिन र सतर्क रहन आग्रह गरेको छ। सिक्किम राज्य आपदा व्यवस्थापन एवं प्राधिकरण राहत आयुक्त रिन्जिङ छेवाङ भुटिया तथा निर्देशक प्रभाकर राई अनुसार पछिल्लो एक महिनामा सिक्किम–नेपाल–भुटान–तिब्बत क्षेत्रमा जम्मा ५७ वटा भूकम्पका धक्का रेकर्ड भएका छन्। तीमध्ये ४१ वटाको केन्द्रबिन्दु सिक्किममा रहेको जनाइएको छ। श्री भुटियाले बताउनु भए अनुसार सबैभन्दा ठूलो धक्का ४.६

रेक्टर स्केलको थियो, जुन हिजो पश्चिम सिक्किममा रेकर्ड गरिएको थियो। हालसम्म ठूलो क्षतिको विवरण प्राप्त नभए पनि गेजिङ जिल्लाको गेरेथाङ र ग्याङ्ग्याप क्षेत्रमा दुई विद्यालय भवनमा सामान्य क्षति पुगेको छ, जसको मूल्याङ्कन भइरहेको छ।

*७.राज्य प्रहरी सम्मेलन २०२६ सम्पन्न*

गान्तोकस्थित चिन्तन भवनमा आज राज्य प्रहरी सम्मेलन २०२६ मुख्यमन्त्री Prem Singh Tamang (गोले)को अध्यक्षतामा सम्पन्न भयो। कार्यक्रममा Sikkim Police का उच्च अधिकारीदेखि विभिन्न तहका प्रहरी कर्मचारीहरूको सहभागिता रहेको थियो। सम्मेलनमा प्रहरी प्राथमिकता, राष्ट्रिय सुरक्षा तथा आपराधिक न्याय प्रणाली सुधारका विषयमा छलफल गरिएको थियो।

*आकाशवाणी गान्तोकबाट सुन्नु हुँदै थियो प्रादेशिक समाचार पूरा भयो।*